नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

महाराजगंज, काठमाण्डौ

## सिलवन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति २०७४/०१/१७ गते ।

सूचना नं.१५/प्रवन्ध/०७३/०७४

**यस अस्पताललाई आ.व.२०७३/०७४ को लागि Hospital Elevators – 2 Set सिलवन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तहरुको अधिनमा रही ईच्छुक फर्म, संस्था तथा कम्पनीहरुवाट रितपुर्वक राष्ट्रिय सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।**

वोलपत्र सम्बन्धी विवरण:

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम | बोलपत्र फारम दस्तुर | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | Hospital Elevators (Lift) | २ सेट | रु.३,५५,०००/- | **रु.३,०००/-** | **२०७४/०२/१६ गते कार्यालय भित्र** | **२०७४/०२/१७ गते दिनको १२:०० वजे भित्र** | **२०७४/०२/१७ गते दिनको १४:०० वजे** |

१. तोकिएको शुल्क तिरी उल्लेखित समय भित्र लिखित निवेदन सहित कारोबार दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.ब. ०७२।०७३ को करचुक्ता प्रमाणपत्रको नोटरी पव्लीकवाट प्रमाणित प्रतिलिपी समेत संलग्न राखि यस अस्पतालको प्रबन्ध शाखा र कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंवाट वोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका जमानत, वोलपत्र फारममा उल्लेखित कागजात सहित शिलवन्दी वोलपत्र यस अस्पतालको प्रबन्ध शाखामा दर्ता गरी सक्नु पर्नेछ ।

३. सिलबन्दी बोलपत्र दाखिल गर्ने अन्तिम दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता तथा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ । निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

४. बोलपत्र फारम साथ तोकिएको जमानत रकममा नघटाई "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक ठमेल स्थीत यस अस्पतालको कार्यालय कोड नं.२७-३१४-०९, एकल धरौटी खाता नं.११००२०३ मा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नु पर्नेछ । **वोलपत्र मान्य अवधि वोलपत्र खोल्ने मिति देखी गणना हुने गरी ९० दिनको हुने छ । वोलपत्र जमानत वोलपत्र मान्य अवधि भन्दा कम्तिमा ३० दिन** वढी **अर्थात कम्तिमा मिति २०७४/०६/११ गते सम्म मान्य हुनु पर्नेछ ।**

५. सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.bolpatra.gov.np वाट e-bidding को कार्य गरिने हुँदा उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार ईच्छुक वोलपत्रदाताहरुले e-submission गर्न सक्नेछन् ।

६. वोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न **मिति २०७४/०२/०५ गते शुक्रवार ११:०० वजे** यस अस्पतालमा प्रि-बिड मिटिङ्गको आयोजना गरिने छ । उल्लेखित मिति अगावै वोलपत्र फारम खरिद गर्न उपयूक्त हुने जानकारी गराईन्छ ।

७. प्रचलित ऐन वमोजिम कालो सुचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले नयाँ फर्म, संस्था वा कम्पनी खोली कारोवार गरेको भए त्यस्ता फर्म, संस्था वा कम्पनीले पेश गरेको बोलपत्र अस्वीकृत गरिनेछ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहने छ ।

९. वोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछन् ।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन (पहिलो संसोधन २०७३ सहित) २०६३ र सार्वजनिक खरीद नियमावली (चौथो संसोधन २०७३ सहित) २०६४ बमोजिम हुनेछ ।

११. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा प्रवन्ध शाखावाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिनेछ ।

यो सूचना नेपाल प्रहरी अस्पतालको website www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।